आज मिति २०८१ साल मंसिर महिनाको २५ गतेका दिन विहान ८.०० बजे यस स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको ५९ औ कार्यपालिका बैठक यस नगरपालिकाका नगर प्रमुख श्री टेक प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा कार्यपालिकाका निम्न सदस्यहरुको उपस्थितीमा बसी तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थितीः

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री टेक प्रसाद भण्डारी | नगर प्रमुख | |
| २ | श्री मिनराज राना मगर | नगर उप-प्रमुख | |
| ३ | श्री मेघराज जि.सि. | कार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ४ | श्री बुद्धिराम पुन मगर | कार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ५ | श्री कृष्ण बहादुर रोकाय | कार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुवर्ण कुमार श्रेष्ठ | कार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ७ | श्री गिर बहादुर घर्ति मगर | कार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ८ | श्री गिरे गुरुङ्ग | कार्यपालिका सदस्य/६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुरज घर्ति मगर | कार्यपालिका सदस्य/७ नं. वडा अध्यक्ष | |
| १० | श्री खोप बहादुर राउत | कार्यपालिका सदस्य/८ नं. वडा अध्यक्ष | |
| ११ | श्री नर बहादुर वि.एम. | कार्यपालिका सदस्य/९ नं. वडा अध्यक्ष | |
| १२ | श्री पुरुषोत्तम बराली | कार्यपालिका सदस्य | |
| १३ | श्री सुरज संगम सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री शारदा बुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | श्री खेमराज विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १६ | श्री अमृता देवी बुढाथोकी | कार्यपालिका सदस्य | |
| १७ | श्री शिवा देवी के.सि. | कार्यपालिका सदस्य | |
| १८ | श्री बविता वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री बिमल रिजाल | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रितः

१. श्री धन वहादुर ओली
२. श्री ऋषिकेश भण्डारी
३.सौन्दर्यमणि सुवेदी
४.निमा डाँगी

लेखा अधिकृत
योजना शाखा प्रमुख
सूचना प्रविधि अधिकृत
न.वि.नि

नगरकार्यपालिकाको बैठकका प्रस्ताव तथा निर्णयहरु

बैठक संङ्ख्या नं.: ५९
मितिः २०८१/०८/२५
समयः बिहान ८:०० बजे
स्थानः नगरपालिका सभाहल

**प्रस्तावहरुः**

१.अगिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा ।
२. लै.स.सा.स. कार्यान्वयन समिति गठन सम्बन्धमा ।
३. लै.स.सा.स. परिक्षण कार्यदल समिति गठन सम्बन्धमा ।
४. Energy Efficiency कार्यविधि छलफल सम्वन्धमा ।
५. नगरपालिकाको लोगो निर्माण समिति र मापदण्ड पारित सम्वन्धमा ।
६. विपद प्रतिकार्य तालिमको लागि बजेट व्यवस्थापन सम्बन्धमा ।
७. सडक बोर्डको योजना छनौट र बजेट म्याचिङ्ग सम्वन्धमा ।
८. बहाल विटौरी कर सम्वन्धमा ।
९. घर नक्सा अभिलेखीकरण सम्वन्धमा ।
१०. मर्मत खर्च भुक्तानी सम्वन्धमा ।
११. सिर्पे गैरा वा.बि.के.मा एकमुष्ट अनुदान सम्वन्धमा ।
१२. सुर्य प्रा.वी. सल्लाबोटको शिक्षक सरुवा सम्वन्धमा ।
१३. गंगेश्वरी मा.बीमा विद्यालय सहायक कर्मचारी कोटा वितरण सम्वन्धमा ।
१४. पशुसेवा शाखाको सेवा विस्तार सम्वन्धमा ।
१५. स्वास्थ्य चौकी भवन तथा मर्मतको लागि बजेट माग गर्ने सम्बन्धमा ।
१६. एम्बुलेन्स संचालन कार्यविधि २०८१ पारित सम्वन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं. (१) प्रस्ताव नं. १** माथि छलफल गर्दा मिति २०८१/०७/०३ गते बसेको ५८ औ नगर कार्यपालिका बैठकले गरेका निर्णयहरु तथा कार्यप्रगतीका विषयमा छलफल गर्दा उक्त बैठकमा गरिएका निर्णयहरुको कार्यान्वयनका क्रममा भएको र कार्यान्वयन हुन बाँकी निर्णयहरु यथासिघ्र कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. (२) प्रस्ताव नं. २** माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको आ.व. २०८०/०८१ को जे.सी. अडिटका लागि स्थानिय तहका लागि लैंगिक समानता र सामाजिक समावेशीकरण परिक्षण दिग्दर्शन, २०७८ मा व्यवस्था भए बमोजिम लै.स.सा.स कार्यान्वयन समिति निम्न अनुसार गठन गर्ने निर्णय गरियो ।

बिमल रिजाल
प्रमुख प्रशासकिय अधिकृत

विमल रिजाल
प्रमुख प्रशासकिय अधिकृत

तपसिल

| | |
|---|---|
| टेक प्रसाद भण्डारी | नगर प्रमुख - संयोजक |
| मिनराज राना मगर | नगर उप प्रमुख - सदस्य |
| बिमल रिजाल | प्रमुख प्रशासकीय अधिकृत - सदस्य |
| गिर बहादुर घर्ति मगर | सामाजिक विकास समितिका संयोजक - सदस्य |
| शारदा बुढाथोकी | का.पा सदस्य - सदस्य |
| अमृता देबी बुढाथोकी | का.पा सदस्य- सदस्य |
| बबिता बि.क | का.पा सदस्य - सदस्य |
| मोहन सुबेदी | संघ संस्था मध्ये बाट - सदस्य |
| किशोर जी.सी. | संघ संस्था मध्ये बाट - सदस्य |
| निसा बैजाली | संघ संस्था मध्ये बाट - सदस्य |
| निमा डागी | महिला तथा बालबालिका शाखा - सदस्य सचिव |

**निर्णय नं. (३) प्रस्ताव नं.** ३ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको आ.व. २०८०/०८१ को जे.सी. अडिटका लागि स्थानिय तहका लागि लैंगिक समानता र सामाजिक समावेशीकरण परिक्षण दिग्दर्शन, २०७८ मा व्यवस्था भए बमोजिम लै.स.सा.स परिक्षण कार्यदल निम्न अनुसार गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| मिनराज राना मगर | -उप प्रमुख - संयोजक |
| निमा डागी | -महिला तथा बालबालिका शाखा - सदस्य |
| लैस परिक्षण.सा.स.कर्ता | - सदस्य |
| निशा घर्ति मगर | -महिला संजालको अध्यक्ष - सदस्य |
| वसन्त परियार | -दलित संजालको अध्यक्ष - सदस्य |

**निर्णय नं. (४) प्रस्ताव नं. ४ माथि** छलफल गर्दा भवन निर्माणमा विद्यमान प्रविधि तथा अभ्यासलाई उर्जा प्रभावकारी तथा वातावरण मैत्री बनाउन **"उर्जा प्रभावकारी भवन" (Energy Efficient Building)** सम्बन्धी कार्यविधि थप अध्ययन गरि अर्को कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. (५) प्रस्ताव नं. ५** माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माणको तपसिल बमोजिमको छनौट समिति गठन गर्ने र प्रतिक चिन्ह(लोगो) मा समावेश हुने मापदण्ड तथा शर्तहरु तपसिल बमोजिम रहने निर्णय गरियो ।

तपसिल

क. नगरपालिकाको प्रमुख — संयोजक

ख. नगरपालिकाको उप प्रमुख — सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत — सदस्य

घ. आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य

विमल रिजाल
प्रमुख प्रशासकिय अधिकृत

CamScanner

विमल रिजाल
प्रमुख प्रशासकिय अधिकृत

ङ. योजना शाखा प्रमुख वा प्रतिनिधि— सदस्य

च. सूचना प्रविधि शाखा वा प्रतिनिधि — सदस्य

छ. प्रशासन शाखा प्रमुख वा प्रतिनिधि — सदस्य सचिव

**लोगोमा समावेश हुने मापदण्ड तथा शर्तहरु:**

क. नगरपालिकाको नाम, नेपालको झण्डा, नगरपालिकाको आदर्श वाक्य "**समृद्ध स्वर्गद्वारी, कृषि पर्यटन र रोजगारी**" अनिवार्य समावेश हुनु पर्नेछ ।

ख. लोगोले स्वर्गद्वारी नगरपालिकाको भूगोल, जनजीवन, ऐतिहासिक, प्राकृतिक, आर्थिक,पर्यटन, सामाजिक एव अन्य विशिष्ट पहिचान झल्कने हुनु पर्नेछ ।

ग. कुनै जातीय विवेध र सम्प्रदायिकता प्रश्रय हुने खालको सांकेतिकरण नभएको हुनु पर्नेछ ।

घ. राष्ट्रको सार्वभौमिकता, राष्ट्रिय एकता तथा भौगोलिक अखण्डतामा आँच आउने संकेत प्रयोग नभएको हुनु पर्नेछ ।

ङ. लोगोमा समावेश भएको संकेतहरुको संक्षिप्त व्याख्या गर्नु पर्नेछ ।

च. पेश भएको लोगो डिजाइनमा मुल्यांकन समितिवाट कुनै सुझाव प्राप्त भएमा परिमार्जित डिजाइन पेश गर्नु पर्नेछ ।

छ. लोगोको स्वीकृत तथा प्रयोग सम्वन्धि सर्वाधिकार नगरपालिकामा निहित रहनेछ ।

ज. लोगो अन्यन्त्र वाट नक्कल नगरिएको र मौलिक हुनु पर्नेछ ।

झ. स्वीकृत हुने डिजाइनकर्तालाई पुरुस्कार कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

ञ. प्रस्तावित लोगोको डिजाइन तोकिएको म्याद भित्र कार्यालयमा आई हार्डकपी वा इ-कपि मार्फत नगरपालिकाको इमेल ठेगानामा पेश गर्नु पर्नेछ ।

ट. लोगो कम्तिमा ३०० डी.पी.आई. भएको जे.पी.जी/पी.एन.जी. फर्मेटमा रंगिन हुनु पर्नेछ ।

ठ. लोगो पेश गर्दा डिजाइनकर्तले अनिवार्य रुपमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

ड. लोगो निर्माण गर्दा नेपाल सरकारको निशान छापको मापदण्ड बमोजिम निर्माण गर्नु पर्नेछ ।

ढ. नगरपालिकाले खुला प्रतिष्पर्धावाट लोगो निर्माणको लागि सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

ण. नगरपालिकाको नक्सा र पवित्र धार्मिक स्थल स्वर्गद्वारी अनिवार्य समाबेश गर्नु पर्नेछ ।

**निर्णय नं. (६) प्रस्ताव नं. ६** माथि छलफल गर्दा सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्म प्युठानद्वारा स्वयमसेवक उद्धारकर्मी विपद प्रतिकार्य तालिमको लागि रु २४ हजार अन्य कार्यक्रम खर्च शिर्षक २२५२२ बाट खर्च हुने गरि भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. (७) प्रस्ताव नं. ७** माथि छलफल गदा सडक बोर्ड नेपाल को ५५ लाख र स्वर्गद्वारी नगरपालिकाबाट रु २३ लाख ५८ हजार अन्य साझेदारी बजे शिर्षकबाट खर्च हुने गरि विनियोजन गर्ने निर्णय गरियो । साथै जम्मा विनियोजित बजेट रु ७८ लाख ५८ हजार मध्ये वाट गत आ.व को बक्यौता योजना सम्झौता बमोजिम

विमल रिजाल
प्रमुख प्रशासकिय अधिकृत

भुक्तानी गर्ने र बाकि बजेटबाट किमिचौर कोट नेबारे सडक खण्डको काम गर्ने गरि सडक बोर्ड नेपाललाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. (८) प्रस्ताव नं. ८ माथि छलफल गदा** मिति २०८१/५/२४ गते गठन भएको बहाल बिटौरी कर छानबिन समितिले पेश गरेको प्रतिबेदन उपर थप छलफलको लागि तपसिल बमोजिमको कार्यदल गठन गर्ने र कार्यदलले आवश्यक छलफल गरि अर्को कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

तपसिलः

| | |
|---|---|
| टेक प्रसाद भण्डारी | नगर प्रमुख - संयोजक |
| मिनराज रानामगर | उप प्रमुख -सदस्य |
| मेघराज जी.सी. | १ नं वडा अध्यक्ष - सदस्य |
| कृष्ण बहादुर रोकाय | ३ नं वडा अध्यक्ष - सदस्य |
| बिमल रिजाल | प्रमुख प्रशासकीय अधिकृत- सदस्य सचिव |

उल्लेखित कार्यदलको काम, कर्तब्य र अधिकार तपसिल बमोजिम रहने छ

१ प्रतिवेदन माथी थप अध्ययन गर्ने

२ करको थप विश्लेषण गर्ने

३ अन्तिम प्रतिवेदन पेश गर्ने

**निर्णय नं. (९) प्रस्ताव नं. ९ माथि छलफल गदा** स्वर्गद्वारी नगरपालिकाको आर्थिक ऐनको अनुसूची ११ मा उल्लेख भएको घर नक्सा अभिलेखीकरण दस्तुर तर्फ तपसिल बमोजिमको राजस्व थप गरि आगामी नगरसभाबाट स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| घरको विवरण | भुई तला ब.फि.रु | पहिलो तला ब.फि.रु | दोस्रो तला ब.फि.रु | कै |
|---|---|---|---|---|
| फ्रेम स्टक्चर इट्टा वा ब्लकको गाहो | १३ | १० | ९ | |

साथै स्वर्गद्वारी नगरपालिका भित्र मिति २०८१ साउन महिना भन्दा अगी निर्माण भएका संरचनाहरुको अर्को सूचना नभए सम्मको लागि संरचनाहरुको अभिलेखीकरण खुलाउने निर्णय गरियो ।

**निर्णय नं. (१०) प्रस्ताव नं. १० माथि छलफल गर्दा** यस स्वर्गद्वारी नगरपालिकामा निर्मित बहुउद्देश्यीय भवन निर्माण व्यवसायी माण्डवी जनमुखी कन्ट्रक्सन प्रा.लि.ले मर्मत गर्नु पर्नेमा नगरेको हुदा नगरपालिका आफैले मर्मत सम्बन्धि कार्य गरेको हुदा सोको लागि निर्माण व्यवसायीले नगरपालिकाको विविध खर्च खातामा उपलब्ध गराएको विल भरपाई अनुसारको मर्मत खर्च रु ६७ हजार १ सय ७७ लाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. (११) प्रस्ताव नं. ११ माथि छलफल गर्दा** यस स्वर्गद्वारी नगरपालिका वडा नं २ अन्तर्गत संचालित सिर्पेगैरा वाल विकास केन्द्रमा कार्यरत बालविकास सहजकर्ता लाई तलब भत्तामा खर्च गर्ने गरि नगरपालिकाको

बिमल रिजाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

शिक्षा तर्फको बजेट शिर्षक "एकमुष्ट अनुदान वितरण" बाट वार्षिक एकमुष्ट अनुदान स्वरूप रु २ लाख ३४ हजार ६ सय ५० रकम विद्यालयको खातामा भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. (१२) प्रस्ताव नं. १२ माथि छलफल गर्दा** स्वर्गद्वारी नगरपालिका वडा नं १ अन्तर्गत संचालित श्री सुर्य प्रा.वी. सल्लाबोटमा हाल विद्यार्थी संख्या ५ जना र २ वटा दरबन्दी रहेको हुदा सोहि वडा अन्तर्गत शिक्षक दरबन्दी नहुदा पठन पाठन संचालन गर्न कठिनाई रहेको विद्यालय श्री ने.रा.प्रा.वी. बागसिङ रैमाखोलामा सुर्य प्रा.बि. सल्लाबोटबाट एक जना नियुक्ति मितिको आधारमा कनिष्ठ शिक्षकलाई काज सरुवा गर्ने निर्णय गरियो ।

**निर्णय नं. (१३) प्रस्ताव नं. १३ माथि छलफल गर्दा** स्वर्गद्वारी नगरपालिका वडा नं ४ अन्तर्गत संचालित श्री गंगेश्वरी माध्यमिक विद्यालय बाझिपुरले शैक्षिक सत्र २०८० देखि कक्षा ९ संचालनको अनुमति पाई चालु शैक्षिक सत्र २०८१ मा कक्षा १० संचालनमा रहेको हुदा उक्त विद्यालयमा विद्यालय सहायक कर्मचारी आवश्यक हुने हुदा नियामानुसार श्री गंगेश्वरी मा.वी. लाई १ विद्यालय सहायक कर्मचारीको कोटा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. (१४) प्रस्ताव नं. १४ माथि छलफल गर्दा** स्वर्गद्वारी नगरपालिका वडा नं १ को वडा कार्यालय, वडा नं २ को वडा कार्यालय, वडा नं ९ को कालीपोखरी र वडा नं ६ को देउरालीमा १५ दिनमा एक पटक विषयगत सेवा दिने गरि पशुसेवा मासिक क्लिक संचालन गर्ने सम्बन्धित शाखाको प्रस्ताव बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. (१५) प्रस्ताव नं. १५ माथि छलफल गर्दा** यस स्वर्गद्वारी नगरपालिकाका विभिन्न वडाहरुमा स्वास्थ्य चौकी भवन जिर्ण/नहुदा सेवा प्रवाहमा कठिनाई भएको हुदा तपसिलका योजनाहरुलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा बजेट बिनियोजनको लागि सिफारिस गर्ने निर्णय गरियो ।

तपसिल

| सी.नं | योजनाको नाम | वडा नं | कैफियत |
|---|---|---|---|
| १ | खाल स्वास्थ्य चौकी भवन | २ | |
| २ | बर्जिवाङ्ग स्वास्थ्य चौकी भवन | ८ | |
| ३ | सारी स्वास्थ्य चौकीको अधुरो भवन निर्माण | ५ | |
| ४ | गोटिवाङ्ग स्वास्थ्य चौकीको सामग्री | ९ | |
| ५ | आधारभुत स्वास्थ्य चौकी भवन मर्मत | ३ | |

निर्णय नं. (१६) प्रस्ताव नं. १६ माथि छलफल गर्दा स्वर्गद्वारी नगरपालिकाभित्र, खासगरी स्वास्थ्य सेवाका पहुँचबाट टाढा रहेका बासिन्दाहरुलाई स्वास्थ्य सेवामा सर्व सुलभ पहुँच पुर्याउनका लागि एम्बुलेन्स सेवा सञ्चालनलाई पारदर्शी, सरल, भरपर्दो र पहुँच बढाई स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न स्वर्गद्वारी नगरपालिकाको एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८१ सर्वसहमतले पारित गर्ने निर्णय गरियो ।

अन्त्यमा आजको ५९ औं कार्यपालिका बैठक सौहाद्रपूर्ण वातावरणमा सम्पन्न गरियो ।

विमल रिजाल
प्रमुख प्रशासकिय अधिकृत